नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

www.tourism.gov.np
E-mail : info@tourism.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या :-

च. नं. :-

प्रेस विज्ञप्ति

प्राकृतिक, पुरातात्विक, ऐतिहासिक सांस्कृतिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य हो । पर्यटन क्षेत्रको विकास तथा सोबाट प्राप्त लाभ जनस्तरमा पुर्‍याउन पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ ।

नेपाल सरकारबाट घोषित आ.व. २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ११४ मा नेपालको पर्यटन प्रवर्द्धनको लागि नयाँ गन्तव्य पहिचान तथा विकास गर्ने उल्लेख भएको छ । सोही अनुरुप चालु आ.व. मा यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा प्रमुख पर्यटकीय गन्तव्य स्थापित गर्न आवश्यक पूर्वाधार विकास कार्यक्रम रहेको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्न बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नयाँ गन्तव्य पहिचान गरी विकास गर्ने उद्देश्यले सार्वजनिक सूचना मार्फत आवेदन आव्हान गरिएकोमा सूचना मार्फत प्राप्त आवेदनहरुको अध्ययन गरी मूल्याङ्कन गरिएको छ ।साथै विभिन्न समयमा विभिन्न निकायहरुबाट प्रकाशित जानकारी, प्राप्त विभिन्न सुझावहरु समेतको आधारमा नेपाल सरकार (मन्त्रिस्तर) को निर्णयानुसार उक्त गन्तव्यहरु पहिचान गरिएको छ ।

सूचिमा उल्लेखित नयाँ विकास गर्नुपर्ने गन्तव्यहरुमा चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट बाँडफाँड गरिने छ । यसका अतिरिक्त थप प्रचारप्रसार गरी प्रवर्द्धन गरिने स्थापित गन्तव्यहरुको समेत संलग्न सूची रहेको जानकारी सम्बन्धित सबैमा गरिन्छ ।

घनश्याम उपाध्याय
स०स०/प्रवक्ता
२०७५।८।१५